# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

# सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशिका, २०७८

**प्रस्तावनाः**

सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७न. ले सो ऐन बमोजिमका सूचक संस्थाले काम कारवाही गरे वा नगरेको सम्बन्धमा प्रचलित कानुन बमोजिम स्थापित नियमनकारी निकायबाट नियमन तथा सुपरीवेक्षण हुने व्यवस्था गरेको,

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ को दफा ५ (क) ले राष्ट्रको आर्थिक विकास गर्नको निमित्त लेखाव्यवसायको सुदृढीकरण गरी विकसित गर्दै लैजान सदस्यहरुलाई आचार संहिताको परिधि भित्र रही लेखाव्यवसाय गर्न उत्प्रेरित गर्ने नियमनकरी निकाय (रेगुलेटरी बडी) को भूमिका निर्वाह गर्ने व्यवस्था गरेको,

साथै, नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५/०७/२५ को निर्णयले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई लेखाव्यवसायीको हकमा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन २०६४ अन्तर्गतको नियमनकारी निकाय तोकेको,

उक्त जिम्मेवारी थप प्रभावकारी रुपमा सम्पन्न गर्न सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७प. को उपदफा (२) र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ को दफा ११ को खण्ड (ठ) ले दिएको अधिकार प्रयोग गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको परिषदको मिति २०७८/०९/०४ को निर्णय बमोजिम यो निर्देशिका जारी गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन २०६४ बमोजिम "सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशिका, २०७८" रहेको छ ।

(२) यो निर्देशिका जारी गरिएको मिति देखि प्रारम्भ हुनेछ ।

(३) सूचक संस्थाले सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को अधीनमा रही यस निर्देशिकाको पालना गर्नुपर्नेछ । साथै, सो ऐन र सो ऐन अन्तर्गत बनेको नियम र जारी भएको निर्देशन पालना गर्नु/गराउनु पर्नेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ सम्झनु पर्छ ।

(ग) "संस्था" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ बमोजिम स्थापना भएको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था सम्झनु पर्छ ।

(घ) "परिषद" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ७ बमोजिम गठन भएको परिषद सम्झनु पर्छ ।

(ङ) "सूचक संस्था" भन्नाले ऐनको दफा २ को खण्ड (ढ) को उपखण्ड (४) मा उल्लेख भए बमोजिम आफ्नो ग्राहकको तर्फबाट देहायको कार्य गर्दा वा सोको तयारी गर्दा वा सोमा संलग्न हुँदाका बखतको लेखापरीक्षक वा लेखाव्यवसायीलाई सम्झनु पर्दछ ।

(क) घरजग्गा खरीद बिक्री,

(ख) ग्राहकको रकम, धितोपत्र वा अन्य सम्पत्तिको व्यवस्थापन,

(ग) बैंक, बचत तथा धितोपत्र सम्बन्धी कार्यको व्यवस्थापन,

(घ) कानूनी व्यक्तिको संस्थापना गर्दा वा सञ्चालन गर्दाका बखत गरिएको योगदान तथा लगानीको व्यवस्थापन,

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था ICAN २०५३

(ङ) कानूनी व्यक्ति वा कानूनी प्रबन्धको सृजना, संस्थापना, दर्ता, सञ्चालन वा व्यवस्थापन, वा

(च) कुनै व्यावसायिक संस्थाको खरीद वा बिक्री ।

(च) "लेखाव्यवसायी" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१ को नियम २ (ठ) बमोजिम लेखाव्यवसाय संचालन गर्ने संस्थाका सदस्य सम्झनुपर्छ ।

(छ) "लेखाव्यवसाय" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१ को नियम २ (ट) बमोजिम व्यवसायिक रुपमा लेखापरीक्षण गर्ने काम सम्झनुपर्छ र सो शब्दले संस्थाको सदस्यले विशेषज्ञको रुपमा प्रदान गर्ने लेखा सम्बन्धी सेवा समेतलाई जनाउने छ ।

(ज) "वित्तीय जानकारी इकाई" भन्नाले ऐन को दफा ९ बमोजिमको वित्तीय जानकारी इकाई सम्झनु पर्छ ।

(झ) "ग्राहक" भन्नाले लेखाव्यवसायी (सूचक संस्था) सँग प्रचलित कानुन बमोजिमको सेवा लिन पेशागत सम्बन्ध स्थापना गर्ने व्यक्ति वा पक्ष सम्झनुपर्छ र सो शब्दले पेशागत सम्बन्ध स्थापना वा सेवा लिन प्रयास गर्ने व्यक्ति वा पक्ष समेतलाई जनाउँदछ ।

(ञ) "लेखापरीक्षण" नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ को दफा २ को खण्ड ञ१ बमोजिम पेशागत प्रमाणपत्र लिई प्रचलित कानुन बमोजिम गरिने लेखापरीक्षण सम्झनुपर्छ ।

## परिच्छेद-२

## ग्राहक पहिचान तथा सम्पुष्टी सम्बन्धमा

**३. ग्राहक पहिचान सम्बन्धमा:**

(१) सूचक संस्थाले आफ्नो व्यवसायिक आचारसंहिताको अधीनमा रही ऐनको दफा ७क. र नियमावलीको नियम ४ र ५ बमोजिम गैर वित्तीय पेशाकर्मी र व्यवसायीलाई लागू भए सरह आफ्नो ग्राहकको पहिचान तथा सोको सम्पुष्टी गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम ग्राहकको पहिचान तथा सम्पुष्टी गर्दा वास्तविक धनी छुट्टै व्यक्ति भएको पहिचान भए सोको विस्तृत विवरण प्राप्त गर्नु पर्नेछ । यसरी प्राप्त गरेको विवरण यस निर्देशिकाको प्रयोजनको लागि पर्याप्त मानिनेछ ।

(३) सूचक संस्थाले ग्राहकको पहिचान ऐनको दफा ७ज. बमोजिमको समय भित्रमा गर्नुपर्नेछ ।

**४. सूचीकृत व्यक्ति पहिचान सम्बन्धमा :** सूचक संस्थाले ऐनको परिच्छेद ६ख. बमोजिम प्रकाशित सूची नियमित रुपमा हेर्नु पर्नेछ र सो सूचीकृत व्यक्ति, समूह वा संगठन आफ्नो ग्राहक भए/नभएको यकिन गर्नुपर्नेछ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था २०५३

**५. उच्च पदस्थ व्यक्ति पहिचान सम्बन्धमा :**

(१) सूचक संस्थाले ऐनको दफा ७ख. बमोजिम उच्च पदस्थ व्यक्तिको विशेष पहिचान वा यकिन गर्ने प्रयोजनका लागि देहायबमोजिमका कार्य गर्नका लागि आवश्यक व्यवस्था गर्न सक्नेछ :

(क) ग्राहक स्वीकार गर्दा, ग्राहकसँग कारोवार गर्दा र व्यवसायिक सम्बन्ध कायम रहेका विद्यमान ग्राहकको विवरण नियमित रुपले अद्यावधिक गर्दा उच्च पदस्थ व्यक्ति पहिचान गर्ने

(ख) उच्च पदस्थ व्यक्ति थपघट भएको अवस्थामा तत्काल पहिचान गर्ने

(ग) उच्च पदस्थ व्यक्तिको परिवार तथा सम्बद्ध व्यक्ति पहिचान गर्ने,

(घ) उच्च पदस्थ व्यक्तिको पदीय हैसियत र संलग्नता बमोजिमको जोखिम पहिचान गर्ने,

(२) उच्च पदस्थ व्यक्तिको पहिचान गर्दा देहाय बमोजिमको प्रक्रियाहरु अवलम्बन गर्नु पर्नेछ :-

(क) ग्राहकवाट सूचना लिने,

(ख) सार्वजनिक रुपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(ग) व्यावसायिक रुपमा उपलब्ध तथ्याङ्क (Data Base) लिने ।

(३) उच्च पदस्थ व्यक्तिको अभिलेख नीज पदवाट अवकाश वा मुक्त भएको मितिले ५ वर्षसम्म कायम राख्नु पर्नेछ ।

**६. वास्तविक धनी पहिचान सम्बन्धमा :**

(१) सूचक संस्थाले ऐनको दफा ७ग. तथा नियमावलीको नियम ६ बमोजिम वास्तविक धनीको पहिचान गर्न देहायको कार्य गर्नका लागि आवश्यक मनासिब उपायहरु अपनाउनुपर्ने छ ।

(क) वास्तविक धनी पहिचान गर्ने ,

(ख) वास्तविक धनी र नीजसँग सम्वद्ध कारोवारको अनुगमन गर्ने र

(ग) वास्तविक धनी र नीजसँग सम्बन्धित सम्पूर्ण कारोवारहरुको एकीकृत रुपमा अनुगमन गर्ने ।

(२) वास्तविक धनी पहिचान गर्दा देहाय बमोजिमको प्रक्रियाहरु अवलम्बन गर्नु पर्नेछ :-

(क) ग्राहकबाट सूचना लिने,

(ख) सार्वजनिक रुपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(ग) प्रचलित कानून बमोजिम राखिएको अभिलेखबाट सूचना लिने र

(घ) व्यावसायिक रुपमा उपलब्ध तथ्याङ्क (Data Base) लिने ।

सूचक संस्थाले वास्तविक धनी पहिचान गर्न ग्राहक संग वास्तविक धनी सम्बन्धी स्वघोषणा प्राप्त गर्न सक्नेछ ।

(३) वास्तविक धनी सम्बन्धी अभिलेख व्यावसायिक सम्बन्ध वा कारोवार समाप्त भएको मितिले ५ वर्षसम्म कायम राख्नु पर्नेछ ।

**७. ग्राहक तथा वास्तविक धनी पहिचान अभिलेख अद्यावधिक सम्बन्धमा :**

(१) सूचक संस्थाले व्यवसायिक आचार संहिताको अधीनमा रही ऐनको दफा ७छ. को उपदफा (१) बमोजिम विद्यमान ग्राहक तथा वास्तविक धनीको सम्बन्धमा अभिलेख राखी आवश्यक परेको बखत जुनसुकै समयमा परीक्षण तथा विश्लेषण गर्न वा नियमनकारी निकायले माग गरेको बखत तोकिए बमोजिमको ढाँचामा उपलब्ध गराउन सक्ने गरी अद्यावधिक गर्नु पर्नेछ ।

(२) सूचक संस्थाले ग्राहक पहिचान सम्बन्धी विवरणहरु व्यावसायिक सम्बन्ध कायम रहेका विद्यमान ग्राहकका सम्बन्धमा देहाय बमोजिम नियमित रुपले अद्यावधिक गर्नु पर्नेछ ।

(क) उच्च जोखिम देखिएका ग्राहकको कम्तीमा वर्षको १ पटक,

(ख) ग्राहक पहिचान विवरण अनुरुप कारोवार मेल नखाएको अवस्थामा तत्काल,

(ग) ग्राहक पहिचानको कार्य पुरा नभएको अवस्थामा तत्काल ।

(घ) ग्राहक पहिचान विवरणमा उल्लेखित सूचना, जानकारी तथा तथ्याङ्कको सत्यता वा पर्याप्तताको बारेमा सूचक संस्थालाई शंका लाग्नु पर्ने ठोस आधार कारण सृजना भएको अवस्थामा तत्काल ।

(३) सूचक संस्थाले ग्राहकको बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष, औपचारिक वा अनौपचारिक रुपमा प्राप्त गरेको सूचनाको विश्लेषण गरी ग्राहक पहिचानलाई अद्यावधिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) ग्राहक पहिचान अद्यावधिक गर्दा आफूसँग भएको पूर्व सूचना वा कागजात बाहेक परिवर्तन भएको, हुन सक्ने र नयाँ विवरण तथा कागजात मात्र सम्बन्धित ग्राहकसँग माग गर्नु पर्नेछ ।

**८. बृहत तथा सरलीकृत ग्राहक पहिचान :**

(१) सूचक संस्थाले ऐनको दफा ७ङ. र नियमावलीको नियम ८ बमोजिमका ग्राहकको पहिचान तथा सम्पुष्टी गर्न बृहत ग्राहक पहिचान सम्बन्धी उपयुक्त उपायहरु अपनाउनु पर्नेछ ।

(२) सूचक संस्थाले ऐनको दफा ७च. र नियमावलिको नियम ९ बमोजिमका ग्राहकको पहिचान तथा सम्पुष्टी गर्न सरलीकृत ग्राहक पहिचान सम्बन्धी उपयुक्त उपायहरु अपनाउनु पर्नेछ ।

**९. अनुगमन :**

सूचक संस्थाले आफ्नो जिम्मेवारी सम्पादनको शिलशिलामा प्राप्त विवरण एवं कागजातको आधारमा व्यावसायिक सम्बन्ध कायम रहेका विद्यमान ग्राहकको वित्तीय गतिविधि अस्वभाविक वा गैरकानुनी रहेको शंका गर्नुपर्ने ठोस आधार र कारण देखिएमा त्यस्तो गतिविधि अस्वभाविक वा गैरकानुनी रहे/नरहेको अवस्थाको अनुगमन गर्नुपर्नेछ ।

## परिच्छेद ३ : जोखिम मूल्याकंन तथा व्यवस्थापन

**१०. जोखिम मूल्याकंन तथा व्यवस्थापन :**

(१) सूचक संस्थाले ऐनको दफा ७घ. बमोजिम संस्थागत जोखिम मुल्यांकन सम्बन्धी सम्पूर्ण विवरण, सूचना तथा प्राप्त निष्कर्ष सम्बन्धी अभिलेख आवधिक रुपमा तयार गर्न सक्नेछ ।

(२) सूचक संथाले संस्था वा अन्य सम्बद्ध निकायद्धारा माग भई आएमा जोखिम मुल्याकंनको अभिलेख उपलब्ध गराउनु पर्नेछ ।

(३) सूचक संस्थाले जोखिम मुल्यांकन अभिलेख अनुसार ग्राहक पहिचान तथा अनुगमन हुने व्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद ४ : शंकाष्पद कारोबार लगायतका प्रतिवेदन

**११. वित्तीय जानकारी इकाईको मार्गनिर्देशन पालना गर्नुपर्ने:**

(१) सूचक संस्थाले शंकास्पद कारोबार पहिचान र प्रतिवेदन सम्बन्धमा वित्तीय जानकारी इकाईले जारी गरेको मार्गदर्शनको पालना गर्नुपर्नेछ ।

(२) सूचक संस्थाले ऐनको दफा ७ढ. को उपदफा (१) मा उल्लेखित खास कारोबारका सम्बन्धमा विशेष ध्यान दिनु पर्नेछ ।

(३) सूचक संस्थाले यो निर्देशिका लागू भएको मिति देखि शंकाष्पद कारोबार/गतिविधिको रिपोर्टिङ तोकिएको प्रक्रिया मार्फत वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्नेछ ।

**१२. सूचनाको गोपनियता सम्बन्धमा :**

सूचक संस्थाका पदाधिकारी तथा कर्मचारीहरुले यस निर्देशिका बमोजिम पेश गरेको शंकाष्पद कारोबारको जानकारी गोप्य राख्नुपर्नेछ । ऐनको दफा ३७ बमोजिमको अवस्थामा बाहेक ग्राहक लगायत अन्य कसैलाई त्यस्तो विषयको सूचना दिएमा यसै निर्देशिकाको दफा १६ (२) बमोजिम सजाय हुनेछ ।

**१३. अन्य प्रतिवेदन दिनुपर्ने :**

(१) सूचक संस्थाले यस निर्देशिकाको दफा २ को खण्ड (च) बमोजिमको पेशागत सेवा प्रदान गरेको ग्राहकको जानकारी नियमनकारी संस्थाले व्यवस्था गरे बमोजिम यूनिक डकुमेन्टेसन आइडेन्टिफिकेशन नम्बर (Unique Documentation Identification Number (UDIN) Application) मा प्रविष्टी गर्नुपर्नेछ र सो व्यवस्था नभएसम्मको लागि अनुसूची-१ बमोजिमको ढाँचामा वार्षिक रुपमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्रमा संस्थामा उपलब्ध गराउनु पर्नेछ । सूचक संस्थाले ग्राहक सँग जानकारी लिदा आफ्नो कार्य सम्पादन अवधि भन्दा अगाडीको कारोवारको सम्भब भएसम्म प्रमाणीत कागजात लिए पछि मात्र यस दफा बमोजीम प्रतिवेदन दिनु पर्नेछ ।

(२) सूचक संस्थाले प्रचलित कानुन बमोजिम अनुसन्धान वा अधिकार प्राप्त निकायबाट माग भएको विवरण उक्त निकायले तोके बमोजिम दिनुपर्नेछ । त्यस्ता निकायलाई दिइएको सूचनालाई आधार मानी वित्तीय जानकारी इकाईमा कुनै सूचना पेश भएमा सोलाई शंकाष्पद कारोबार प्रतिवेदनको सूचीमा समावेश भएको मानिने छैन ।

## परिच्छेद ५: आन्तरिक नियन्त्रण

**१४. आन्तरिक नियन्त्रण सम्बन्धमा :**

(१) सूचक संस्थाले ऐन, नियमावली र यस निर्देशिकाको पालना हुने गरी आवश्यक आन्तरिक नीति, कार्यविधि वा नियन्त्रण प्रणाली बनाई ऐनको दफा ७त. बमोजिम लागू गर्नु पर्नेछ ।

(२) ऐनको दफा ७त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र यस निर्देशिका बमोजिमको दायित्व निरन्तर रुपमा पूरा गर्ने कार्यान्वयन अधिकारी तोक्नु पर्नेछ । सूचक सस्थाले कार्यान्वयन अधिकारी को रुपमा आफ्नो तजविजमा सूचक संस्थाको कुनै पनि योग्यता प्राप्त व्यक्तीलाई तोक्न सक्नेछ ।

(३) उपदफा २ बमोजिम तोकिएको कार्यान्वयन अधिकारीको काम, कर्तव्य तथा अधिकार ऐनको दफा ७त. बमोजिम हुनेछ ।

(४) सूचक संस्थाले सूचक संस्थाका पदाधिकारी, कार्यान्वयन अधिकारी तथा कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था गर्नुपर्नेछ ।

**१५. अभिलेख व्यवस्थापन सम्बन्धमा :**
सूचक संस्थाले ऐनको दफा ७द. र नियमावलीको नियम १२ बमोजिम तयार भएका विवरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचनाहरु कम्तिमा पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

## परिच्छेद ६: निरीक्षण, सूपरिवेक्षण, कारबाही तथा सजाय

**१६. निरीक्षण, सूपरीवेक्षण, कारबाही तथा सजाय सम्बन्धमा :**

(१) ऐन, नियमावली र यस निर्देशिकाको व्यवस्थाको प्रभावकारी कार्यान्वयन भए/नभएको सम्बन्धमा संस्थाले समय-समयमा ऐनको परिच्छेद ३क. लगायतका व्यवस्था अनुसार नियमन, निरीक्षण, अनुगमन तथा सुपरीवेक्षण गर्नेछ ।

(२) ऐन, नियमावली र यस निर्देशिकाको व्यवस्थाको प्रभावकारी कार्यान्वयन नभएको प्रमाणीत भएमा त्यस्ता सूचक संस्थालाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ अनुसार अनुशासनको कार्वाही गरिनेछ । परिषदले कसुरको मात्रा तथा गाम्भिर्यताको आधारमा ऐनको दफा ७फ.बमोजिम सजाय समेत गर्न सक्नेछ ।

## परिच्छेद ७: विविध

**१७. परिपत्र जारी गर्न सकीने :** कार्यकारिणी समितिले ऐन, नियमावली र यस निर्देशिकाको अधीनमा रही निर्देशिकाको कार्यान्वयन गर्न आवश्यकता अनुसार परिपत्र जारी गर्न सक्नेछ ।

**१८. व्याख्या गर्ने अधिकार :** यो निर्देशिकाको व्याख्या गर्ने अधिकार परिषदलाई हुनेछ ।

## अनुसूची - १

**(दफा १३ (१) सँग सम्बन्धित)**

| सि.नं. | सेवाग्राहीको नाम, ठेगाना | सेवाको प्रकृति ( ऐनको दफा ७ बमोजिम) | सेवा प्रदान गरेको मिति/अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सूचक संस्थाको आधिकारिक व्यक्तिको:

नाम:

दस्तखत :

पद :

छाप :

मोबाइल नं.:

ईमेल ठेगाना :

फ्याक्स :

मिति :